नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :- ०७९।८०
च.नं. ३६

# प्रेश विज्ञप्ति

आज मितिः २०७९/०५/११ गते "सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७" बमोजिमको संस्कृति तथा पर्यटन क्षेत्रको विषगत समितिको वैठक सम्पन्न भयो। माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठज्यूको अध्यक्षतामावसेको बैठकमाप्रदेश सरकारको पर्यटन क्षेत्रसँग सम्बन्धित मन्त्रीज्यूहरु, पोखरा महानगरपालिकाका प्रमुखज्यू,संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवज्यू, मन्त्रलयका महाशाखा प्रमुखहरु, विभागीय प्रमुखहरु, प्रदेश सरकारका क्षेत्रसँग सम्बन्धित मन्त्रालयका सचिवहरु, पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सरोकारवालाहरुको सहभागितामा देहायका निर्णयहरु गरी विषयगत समितिको बैठक सम्पन्न भयो।

१. नेपालमा बाहै महिना पर्यटकीय गतिविधि सञ्चालन गर्न सक्ने किसिमको (Round the year tourism in Nepal) जलवायु तथा मौसमी विविधता रहेको हुँदा नेपाललाई सबै मौसममा पर्यटकीय गतिविधि गर्न मिल्ने पर्यटकीय गन्तव्यका रुपमा अन्तर्राष्ट्रिय क्षेत्रमा वजारीकरण गर्ने।
२. प्रत्येक प्रदेशका पर्यटकीय दृष्टिकोणले आकर्षक र महत्वपूर्ण रहेका स्थानहरुको Branding गरी पर्यटकीय गन्तव्यहरुको विविधीकरणमा जोड दिने।
३. पर्यटन क्षेत्रसँग सम्बन्धित साझा अधिकारका विषयहरु, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन र सङ्घ, प्रदेश र स्थानीय तहबीच एकरुपता कायम गर्नुपर्ने नीतिगत विषयहरुका सम्बन्धमा छलफल भयो। नेपालको पर्यटनलाई पुनरुत्थान गर्दै राष्ट्रिय अर्थतन्त्रको प्रमुख मेरुदण्डका रुपमा स्थापित गर्न "नेपालको पर्यटन क्षेत्रको पुनरुत्थान कार्ययोजना, २०७९" लाई सहकार्यात्मक एवम् समन्वयात्मक तवरले कार्यान्वयन गर्ने विषयमा समितिका सदस्यबाट प्रतिबद्धता प्राप्त भयो।
४. क्षेत्रगत योजना, नीति तथा कार्यक्रम र रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सङ्घ, प्रदेश तथा स्थानीय तहबीचको आपसी सहकार्यलाई सबल र गतिशील बनाउने विषयमा ऐक्यवद्धता जनाइयो।


CS Scanned with CamScanner

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :- ०६९/८०
च.नं. ३६

५. सङ्घीय व्यवस्था बमोजिम **"पर्यटन नीति, २०६५"** को समसामयिक परिमार्जन र राष्ट्रिय रणनीतिको तर्जुमा गर्दै पर्यटन दशक (२०२३-२०३३) को घोषणा गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

६. निजी क्षेत्रलाइ पर्यटन व्यवसायमा लगानीका निम्ति विभिन्न सहुलियत तथा सेवा सुविधाहरु प्रदान गर्न अन्तर निकाय समन्वयलाई निरन्तरता दिने र ग्रामिण पर्यटनको विकासका निम्ति सामुदायिक सहभागितालाई प्रवर्द्धन गर्ने निर्णय भयो।

७. साधनस्रोतको न्यायोचित वितरण गर्दै प्रादेशिक सन्तुलन सहितको पर्यटन क्षेत्रको दिगो विकासलाई सबै तहले आत्मसात गर्ने निर्णय गरियो।

८. विदेशी पर्यटकहरुको नेपाल प्रवेशमा सहजीकरण गर्न सीमा क्षेत्रमा हुने चेकजाँचलाई व्यवस्थित गर्न सम्बन्धित निकायसँग अनुरोध गर्ने।

९. प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम कार्यान्वयनमा तीनै तहले आपसी सहयोग र सहकार्य गर्ने निर्णय भयो।

१५।५।०३
२०७९।५।११

प्रवक्ता
डा. टोकराज पाण्डे

CS Scanned with CamScanner